# मदन भण्डारी राष्ट्रिय पुरस्कार २०८० को क्षेत्र र मापदण्ड

# (राष्ट्रिय उद्यमशीलता)

राष्ट्रिय वा स्थानीय स्तरमा प्रभावकारी रूपमा रोजगारी सृजना गर्दै र राष्ट्रिय अर्थतन्त्रको उत्थानमा योगदान पुऱ्याइरहेका दिगो आर्थिक विकासका विभिन्न आयामहरूमा क्रियाशील उद्यमी वा व्यक्तिहरू पहिचान गरी पुरस्कृत गर्नका लागि निम्न अनुसारको मापदण्ड तयार गरिएको छ।

**१. रोजगारी सिर्जनाको अवस्था :**

उद्यमी वा व्यक्तिको पहलबाट प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सिर्जना गरिएका रोजगारहरूको संख्या कम्तिमा ५० जना हुनुपर्नेछ । यसले पूर्णकालीन, आंशिक, अस्थायी, वा करारमा राखिएकाहरूलाई समावेश गर्न सकिन्छ । उद्यम शुरूभएदेखी हालसम्म रोजगारी सिर्जना भएका तथ्यहरू समेत संलग्न हुनु पर्नेछ। महिलाको नाममा दर्ता भई महिला स्वयमले संचालन गरेको उद्योगलाई मुल्याङ्कन प्रकृयामा विशेष प्रथमिकता दिईनेछ।

**२. काम गर्ने वातावरण र कामको गुणस्तर:**

आफ्नो संस्थाका कामदार कर्मचारीको तलब, भत्ता, रोजगारीको सुरक्षा, र वृत्ति विकास लागि अवसरहरू भएको हुनुपर्नेछ । गुणस्तरीय काम र मर्यादित कार्य वातावरणका कायम गर्नुकासाथै कामदार कर्मचारीहरूको निरन्तरताको (रिटेन्सन) योजना कार्यन्वयन गरेको हुनुपर्नेछ।

**३. रोजगारीमा नेपाली नागरिकलाई प्राथमिकता:**

उद्यमीले कामदार कर्मचारी भर्ना गर्दा राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउने अभिप्राय र पछाडी परेका क्षेत्र र समुदायमा बेरोजगारी दर घटाउन मद्धत पुग्ने गरी विशेष समुदाय वा क्षेत्रका नेपाली नागरिकहरूलाइ प्राथमिकता दिएको हुनुपर्नेछ।

**४. सीप विकास र तालिम:**

उद्यम प्रतिष्ठानले विभिन्न प्रशिक्षण कार्यक्रमहरू, सिक्ने सिकाउने अवसरहरू, वा शैक्षिक साझेदारीहरू मार्फत कर्मचारीहरूको सीप विकास गर्ने उद्देश्यसहितका पहलहरू लिएको हुनुपर्नेछ । कर्मचारी विकासमा लगानी गरी उत्पादकत्व बढाएको र दीर्घकालीन आर्थिक वृद्धिमा योगदान पुऱ्याइरहेको वा प्रयत्न गरिरहेको हुनुपर्नेछ।

**५. ट्र्याक रेकर्ड र प्रतिष्ठा:**

नेपालमा दर्ता भएर कम्तीमा विगत ५ वर्ष देखि सञ्चालनमा रही, बार्षिक रूपमा कम्तिमा रू ५० करोड बराबरको बार्षिक कारोवार गरी नेपाल सरकारलाइ तिर्नुपर्ने करका दायित्वहरू पूरा गरेको हुनुपर्नेछ। व्यक्ति वा संस्थाले आफ्नो सफलताको ट्र्याक रेकर्ड कायम गरेको हुनुपर्दछ। उध्यम वा संचालक कालो सूचीमा नपरेको र कुनै पनि भ्रष्टाचार जन्य कारवाहीमा नपरेको स्वघोषणा गर्नुपर्नेछ।

**६. राष्ट्रिय अर्थतन्त्रमा योगदान:**

स्थानीय कच्चा पदार्थको प्रयोग, नवप्रविधि, कृषि, पर्यटन, वातावरणीय परिवर्तन, सौर्य एवं वैकल्पिक उर्जाजस्ता क्षेत्रहरूमा आयात प्रतिस्थापन र निर्यात प्रबर्द्धनका माध्यमबाट वैदेशिक मुद्रा आर्जन गरी राष्ट्रिय अर्थतन्त्रमा योगदान पुर्याएको हुनु पर्नेछ। आर्थिक विकासमा योगदान गरे वापत प्राप्त गरेका कुनै पनि पुरस्कार, प्रशंसा, वा अभिनन्दनका प्रमाणहरू पेश गर्नुपर्नेछ।

**७. सामुदायिक संलग्नता:**

उद्यमीले आफ्नो समुदायको सामाजिक संरचनामा योगदान पुऱ्याउन र आर्थिक लचिलोपन बढाउन सामुदायिक विकासका पहलहरू, परोपकारी, वा लगानी पारदर्शिता कायम गरी कर्पोरेट सामाजिक उत्तरदायित्व गतिविधिहरूमा नियमित संलग्नता रहेको हुनुपर्नेछ।

**८. मापनयोग्य आर्थिक प्रभाव:**

राष्ट्रिय आर्थिक वृद्धिमा योगदान, कर राजस्व उत्पादन, निर्यात विस्तार, वा बेरोजगारी दरमा कमी जस्ता उद्यमीहरूको पहलहरूको परिमाणात्मक आर्थिक प्रभाव पार्न योगदान पुर्याएको हुनुपर्ने।